गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

Garima Road Race 2083 सम्पन्न भएको सन्दर्भमा प्रकाशित प्रेस विज्ञप्ति

"स्वस्थ जीवनशैलीका लागि खेलकुद" भन्ने नारालाई आत्मसाथ गर्दै गरिमा विकास बैंक लिमिटेडद्वारा यहि मिति २०८३ मंसिर ७ गते, सोमबार पर्ने २०औं वार्षिकोत्सवको शुभ अवसरमा आज मिति २०८३ साल मंसिर ५ गते शनिबार आयोजित Garima Road Race 2083 सफलतापूर्वक सम्पन्न भएको छ। १८औं वार्षिकोत्सवबाट सुरु गरिएको Garima Road Race प्रतियोगिताको तेस्रो संस्करणमा खुला र कर्पोरेट गरी कुल २ विधामा महिला र पुरुष गरी कुल ४ वटा प्रतियोगिता आयोजना गरिएको थियो। खुला तर्फको १० कि.मी. दुरीको प्रतियोगिता विकास बैंकको केन्द्रीय कार्यालय, बालुवाटार, काठमाण्डौंबाट शुरु भई नारायणगोपालचोक, हात्तीगौडा हुँदै बुढानिलकण्ठ नगरपालिका वडा नं. ३ को कार्यालय अगाडी पुगी पूनः सोही मार्ग बालुवाटार, काठमाण्डौं आई समापन हुने गरी रुट तय गरिएको थियो। साथै, कर्पोरेट तर्फको ५ कि.मी. दुरीको प्रतियोगिता विकास बैंकको केन्द्रीय कार्यालय, बालुवाटार, काठमाण्डौंबाट शुरु भई नारायणगोपालचोक हुँदै न्यूरो अस्पताल, बाँसबारी पुगी पूनः बालुवाटार, काठमाण्डौं आई समापन हुने गरी रुट तय गरिएको थियो।

कुल १,४०० भन्दा बढी धावकहरुको सहभागिता रहेको यस प्रतियोगिताको खुला विधामा पुरुष तर्फ १० कि.मी.को दुरी ३१ मिनेट ५० सेकेन्डमा पूरा गर्दै श्री तिर्थ कुमार पुन र महिला तर्फ १० कि.मी.को दुरी ३९ मिनेट ५४ सेकेन्डमा पूरा गर्दै श्री राज्य रावलले प्रथम स्थान हासिल गर्नुभयो। साथै, कर्पोरेट विधामा पुरुष तर्फ ५ कि.मी.को दुरी १९ मिनेट २८ सेकेन्डमा पूरा गर्दै श्री इश्वर बुढाथोकी र महिला तर्फ ५ कि.मी.को दुरी २६ मिनेट ५७ सेकेण्डमा पूरा गर्दै श्री दिव्या विष्टले प्रथम स्थान हासिल गर्नुभयो।

प्रतियोगितामा प्रथम, दोश्रो, तेश्रो, चौथो र पाँचौ स्थान हासिल गर्ने प्रतिस्पर्धीहरुलाई खुला तर्फको १० कि.मी. विधामा क्रमशः रु.५०,०००/-, रु.३५,०००/-, रु.२०,०००/-, रु.१५,०००/- र रु.१०,०००/- नगद पुरस्कार, मेडल र प्रमाण-पत्र प्रदान गरिएको थियो। साथै, कर्पोरेट तर्फ ५ कि.मि. विधामा प्रथम, दोश्रो, तेश्रो, चौथो र पाँचौ स्थान हासिल गर्ने प्रतिस्पर्धीहरुलाई क्रमशः रु.३०,०००/-, रु.२०,०००/-, रु.१५,०००/-, रु.१०,०००/- र रु.५,०००/- नगद पुरस्कार, मेडल र प्रमाण पत्र प्रदान गरिएको थियो।

कार्यक्रममा विकास बैंकका अध्यक्ष श्री दिलिप प्रताप खाँड, सञ्चालक समितिका सदस्यहरु, पूर्व सञ्चालकहरु, शेयरधनी महानुभावहरु, विभिन्न संघसंस्था एवं निकायका विशिष्ट व्यक्तित्वहरु, स्थानिय निकायका प्रतिनिधिहरु, पत्रकारहरु, कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो।

साथै, मिति २०८३ मंसीर ७ गते, सोमबार विकास बैंकले २०औं वार्षिकोत्सवको अवसरमा देशका विभिन्न ९ स्थानमा बृहत रक्तदान कार्यक्रम साथै विभिन्न संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु आयोजना गरिएको व्यहोरा समेत जानकारी गराउन चाहन्छौं।

भवदिय,

अनिल रेग्मी
नायव प्रमुख कार्यकारी अधिकृत
मिति : २०८३ मंसिर ५

Head Office: Kathmandu-03, Baluwatar, Nepal
Call Center No. +977 1 5970179
info@garimabank.com.np
www.garimabank.com.np